# रोङ्पा अम्थो (Amdo, Rongba)




करिब १,६३,००० जना रोङ्पा अम्थो भाषा बोल्ने मानिसहरू चिङ्हाइ प्रान्तमा बसोबास गर्छन्। यो प्रान्तको सहरी भागहरूमा प्रायजसो हान चिनियाँहरू र मुसलमानहरू बसोबास गर्छन्। रोङ्पा अम्थो मानिसहरू सरुवा गोठालाहरू भएकाले गाउँहरूमा बसोबास गर्छन्। रोङ्पा अम्थो मानिसहरूको मुख्य वासस्थानचाहिँ हुई मुसलमानहरूको हुअलोङ् जिल्ला र शलर जाति मानिसहरूको शुन्हा जिल्लाहरू हो।

रोङ्पा अम्थो मानिसहरू तिब्बतीहरू हुन्। तिब्बती भाषामा रोङ्पाको अर्थचाहिँ "गाउँले" अथवा "किसान" हो। सयौँ वर्षदेखि अम्थोहरू तिब्बत–चीन सिमानाको आसपास घुमफिर गरिरहन्थे। प्रायजसो रोङ्पा अम्थोहरू बाहिरी संसारको बारेमा सोच फिक्री नगर्ने स्वभाव भएकाहरू हुन्। यिनीहरू तिब्बतीय नयाँ वर्षलाई तिब्बतीय पात्रोअनुसार फेब्रुअरी महिनामा मनाउने गर्छन्। यो बेला परिवार र आफन्तहरू भेला भएर विगतको सालको घटनाहरूलाई सम्झिने र रमाउने समय हो।

रोङ्पा अम्थो तिब्बतीहरू तान्त्रिक बुद्ध धर्म भनिने तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्। यो बुद्ध धर्मको एउटा आश्चर्यजनक लक्षणचाहिँ देख्न नसक्ने एउटा स्वरूपलाई ध्यान गर्नु हो। तान्त्रिक गुरुले हरेक चेलालाई ध्यान गर्नको लागि एउटा भगवान्लाई दिन्छन्। यी भगवान्हरू प्रायः क्रोधित भूतहरूका स्वरूप भएका हुन्छन्। यिनीहरूले त्यो चेला जन्म चक्रबाट छुटकारा पाउन सहायता गर्नुपर्छ। उसले त्यसलाई ध्यान गर्दा त्योजस्तै आफू बदल्न प्रयास गर्दछ।

रोङ्पा अम्थो मानिसहरूको बीचमा चिनिएको इसाईहरू दस जना मात्र छन्। यो जातिको मानिसहरूले आफ्नो जातिको बीचमा सुसमाचार ल्याउनु कठिन काम भनी प्रमाणित गरेका छन्। मिशनरी शताब्दीहरूमा (यो सन् १९५० मा चीनमा कम्युनिस्ट शासन आउने बेलासम्म थियो।) यो भू–भागमा द ख्रीष्टियन एण्ड मिशनरी एलायन्सको मिशनरीहरू काम गरिरहेका थिए। तर रोङ्पा अम्थो मानिसहरूको बीचमा थोरै काम मात्रै भयो। विगतको कुनै वर्षहरूदेखि चिनियाँ प्रार्थना घरहरूबाट यिनीहरूको बीचमा सुसमाचार प्रचारकहरूलाई पठाउन थालेको थियो, तर तिनीहरूले थोरै मात्र फल पाए।




**Population:**
127,000 (2000)
156,500 (2010)
192,700 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** 10

## संक्षेप:

**अन्य नामहरू:** Rongba , Rongpa

**जनसंख्या:**
चीन : १,६३,०००
(Joshua Project)

**भाषा-परिवार:** चीनी-तिब्बती, तिब्बती-बर्मी, भोटी, भोटिया, उत्तरी तिब्बती भाषा

**उपभाषाहरू:** २

**बुद्ध धर्म:** ९९%

**इसाई धर्म:** ०.१%

**बाइबल:** छ

**येशू चलचित्र:** छ

**सुसमाचारिय रेकर्डिङ:** छ

**ख्रीष्टिय प्रसारण:** छैन

